# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०८ जुलाई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला डा सिल्भासँग पारस्परिक हितका क्षेत्रमा दुई देशबीचको रणनीतिक साझेदारीलाई विस्तार गर्ने विषयमा द्विपक्षीय बैठक गर्नुहुनेछ I

- प्रधानमन्त्री नरेन्द्र मोदी पाच देशहरुको यात्राको अन्तिम चरणमा भोलि नामिबियाको राजधानी विन्डहोक पुग्नुहुनेछ । प्रधानमन्त्री श्री मोदीको यो यात्रा नामिबियाका राष्ट्रपति नेटवुहको निमन्त्रणामा भईरहेको छ ।

- कोलकाता ल छात्रा सामूहिक दुष्कर्म मामिलाको जाँचको निम्ति भारतीय जनता पार्टी द्वारा गठित चार सदस्यीय तथ्यान्वेषी दलले पार्टीका राष्ट्रिय अध्यक्ष जेपी नड्डालाई आफ्नो रिपोर्ट सुम्पेको छ I

- दार्जीलिंगका लोकसभा सांसद राजु विस्टले लेबोङ, दबाई पानी र टिस्टा हुँदै दार्जिलिङ जाने वैकल्पिक राजमार्गको लागि विस्तृत परियोजना प्रतिवेदनबारे पहल शुरु गरिएकोमा सडक परिवहन तथा राजमार्ग मंत्री नितिन गडकरीप्रति आभार व्यक्त गर्नुभएको छ I

- भारतको राष्ट्रिय महिला फुटबल टिमको मुख्य कोच क्रिसपिन छेत्रीलाई युनाइटेड खरसाङ फुटबल क्लब खरसाङले भेटेर बधाई दिएका छन्I

**प्रधानमंत्री नरेन्द्र मोदी -नामीबिया**

प्रधानमन्त्री नरेन्द्र मोदी पाच देशहरुको यात्राको अन्तिम चरणमा भोलि नामिबियाको राजधानी विन्डहोक पुग्नुहुनेछ । प्रधानमन्त्री श्री मोदीको यो यात्रा नामिबियाका राष्ट्रपति नेटवुहको निमन्त्रणामा भईरहेको छ । श्री मोदीले उहाँसँग द्विपक्षीय वार्ता गर्नुका साथै प्रतिनिधिमण्डलस्तरीय बातचित पनि गर्नुहुनेछ । प्रधानमन्त्री श्री मोदीले नामिबियाको संसदलाई सम्बोधन गर्नुहुनेछ साथै नामिबियाका संस्थापक तथा प्रथम राष्ट्रपति डा. सैम नुजोमाप्रति श्रद्धाञ्जलि अर्पण गर्नुहुनेछ । श्री मोदीको यो पहिलो र कुनै भारतीय प्रधानमन्त्रीको तेस्रो नामिबिया यात्रा हो जुन २७ वर्षपछि भईरहेको छ I

**प्रधानमंत्री नरेंद्र मोदी- ब्राजील**

**प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला डा सिल्भासँग पारस्परिक हितका क्षेत्रमा दुई देशबीचको रणनीतिक साझेदारीलाई विस्तार गर्ने विषयमा द्विपक्षीय बैठक गर्नुहुनेछ I बैठकमा व्यापार, प्रतिरक्षा, ऊर्जा, अन्तरिक्ष, प्रौद्योगिकी, कृषि, स्वास्थ्य र जनस्तरको सम्पर्कबारे पनि चर्चा हुनेछ । त्यसपछि प्रतिनिधिमण्डलस्तरीय वार्ता हुनेछ । दुई देशबीच पारस्परिक हितका क्षेत्रमा सहयोग अभिवृद्धि का लागि सम्झौतामा हस्ताक्षर हुनेछ । प्रधानमन्त्री नरेन्द्र मोदी ब्राजिलको राजकीय यात्रामा ब्राजिल पुग्नुभएको छ ।उहाँलाई विमानस्थलमा ब्राजिलका रक्षामन्त्री जोस मुसेओ मोन्टेरो फिल्होले स्वागत गर्नुभयो । ६ र ७ जुलाई मा रियो दि जेनेरियोमा दुई दिवशीय ब्रिक्स शिखर सम्मेलनमा भाग लिएर उहाँ ब्रासिलिया पुग्नु भएको हो । ब्राजिलमा भारतका राजदूत दिनेश भाटियाले यसअघि नै प्रधानमन्त्रीको द्विपक्षीय भेटमा चार वटा सम्झौतापत्रमा हस्ताक्षर हुने अपेक्षा गरिएको बताउनु भएको छ ।**

## वित्त मन्त्रालय

**वित्त मन्त्रालयले निष्क्रिय प्रधानमन्त्री जनधन खाता बन्द गर्न बैंकहरूलाई कुनै निर्देशन नदिइएको स्पष्ट पारेको छ ।**वित्तीय सेवा विभागले बैंकहरूलाई त्यस्ता खाताहरू बन्द गर्न भनेको छ भन्ने सञ्चार माध्यममा आएका समाचारहरूको पृष्ठभूमिमा यो कदम चालिएको हो। मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै निष्क्रिय जनधन खाताको संख्याको निरन्तर निगरानी गर्ने र बैंकहरूलाई खाताधाराकहरूलाई सम्पर्क गरी उनीहरूको खाता सञ्चालन गर्न सल्लाह दिने बताएको छ। जनधन खाताको कुल संख्यामा वृद्धि भएको छ, र निष्क्रिय खाताहरूको सामूहिक रूपमा बन्द हुने कुनै पनि घटनाहरू मन्त्रालयको जानकारीमा आएको छैन। जनधन योजना, जीवन ज्योति बीमा योजना, अटल पेन्सन योजना र अन्य कल्याणकारी योजनाहरूको पहुँच बढाउन तीन महिनाको अभियान चलिरहेको छ।

## कोलकाता ल कलेज -दुस्कर्म -जेपी नद्दा

कोलकाता ल छात्रा सामूहिक दुष्कर्म मामिलाको जाँचको निम्ति भारतीय जनता पार्टी द्वारा गठित चार सदस्यीय तथ्यान्वेषी दलले पार्टी का राष्ट्रिय अध्यक्ष जेपी नड्डालाई आफ्नो रिपोर्ट सुम्पेको छ । आज श्री नड्डाको आवासमा तथ्यान्वेषी दलका सदस्यहरूले आफ्नो रिपोर्ट सुम्पेको छ । यस तथ्यान्वेषी समितिमा पूर्व केन्द्रिय मंत्री र पूर्व पुलिस अधिकारी सत्यपाल सिंह, पूर्व केन्द्रिय मन्त्री मीनाक्षी लेखी, लोकसभा सदस्य बिप्लब कुमार देब, राज्यसभा सदस्य मनन कुमार मिश्रा हुनुहुन्छ ।आज श्री  जेपी नड्डाले कोलकातामा विधि छात्राको साथ भएको जघन्य अपराधको जाँचको निम्ति गठित भाजपा तथ्यान्वेषी दलको रिपोर्ट प्राप्त भएको बताउनु हुदै भन्नुभयो - यो रिपोर्ट पश्चिम बंगालमा अराजकताको चरम स्थिति र महिला सुरक्षाप्रति राज्य सरकारको चिन्ताजनक असंवेदनशीलतालाई उजागर गर्दछ। उहाँले पश्चिम बंगालमा कानून-व्यवस्थाको स्थितिमाथि चिन्ता व्यक्त गर्नुभएको छ ।

## भाजपा -बङ्गाल -आरोप

भारतीय जनता पार्टीले पश्चिम बङ्गाल पुलिसले कोलकाताकी छात्रामाथि सामूहिक बलात्कारको घटनाको निष्पक्ष जाच नगरेको आरोप लगाएको छ । घटनाको जाच का लागि गठित पार्टी कमिटीका सदस्य समेत रहेका भारतीय जनता पार्टीका नेता सत्यपाल सिंहले नयाँ दिल्लीमा पत्रकारहरुलाई सम्बोधन गर्नुहुदै पुलिसले  तथ्यमा हेरफेर गरेको आरोप लगाउनु भएको छ । श्री सिंहले मुख्यमन्त्री ममता बेनर्जीले राज्यका अपराधीहरूलाई संरक्षण गरेको आरोप पनि लगाउनु भएको छ ।

## दार्जीलिंग-लोकसभा सांसद राजु विस्ट-राजमार्ग

दार्जीलिंगका लोकसभा सांसद राजु विस्टले  लेबोङ, दबाई पानी र टिस्टा हुँदै दार्जिलिङ जाने वैकल्पिक राजमार्गको लागि विस्तृत परियोजना प्रतिवेदनबारे पहल  शुरु गरिएकोमा   सडक परिवहन  तथा राजमार्ग मंत्री नितिन गडकरीप्रति आभार व्यक्त गर्नुभएको छ ।संसद बिस्टले भन्नुभएको छ - यो हाम्रो क्षेत्रका जनताको लागि एक महत्वपूर्ण कदम हो। ब्रिटिश कालमा निर्माण गरिएको हालको राष्ट्रिय राजमार्ग ११० (पहिलेको राजमार्ग-५५) अत्यन्तै भीडभाड हुने गर्दछ  जसले गर्दा स्थानीय बासिन्दा र पर्यटकहरू दुवैलाई ढिलाइ र तनाव हुने गर्दछ । सांसद बिस्टले केन्द्रीय मंत्री श्री गडकरीलाई दार्जिलिङ र सिलिगुडीलाई जोड्ने अर्को वैकल्पिक मार्गको लागि  विचार गर्न आग्रह गर्नुभएको बताउनुभएको छ ।

## कलकत्ता हाईकोर्ट - पश्चिम बंगाल सरकार - स्कूल सेवा आयोग

कलकत्ता उच्च न्यायालयको एक खंडपीठले पश्चिम बङ्गाल सरकार र स्कूल सेवा आयोगलाई शिक्षक भर्ती प्रक्रियासँग सम्बन्धित एकल पीठको आदेशलाई चुनौती दिन अनुमति दिएको छ। सन् २०१६ को भर्ना प्रक्रियामा संलग्न भ्रष्ट उम्मेदवारलाई यस वर्षको नयाँ चयन प्रक्रियाबाट हटाउन यो आदेश दिइएको हो ।
हिज  न्यायाधीश सौगत भट्टाचार्यको एकल पीठले डब्लु.बी.एस.एस.सी.लाई सन् २०१६ को प्रक्रियामा दोषी ठहरिएका उम्मेदवारहरूलाई  ३० मई को नयाँ भर्ती अधिसूचना अन्तर्गत आवेदन गर्नबाट रोक्न निर्देशन दिएको थियो। उहाँले  यस्तो कुनै पनि उम्मेदवारले आवेदन दिएमा आफ्नो उम्मेदवारी स्वतः रद्द भएको मानिने पनि बताउनु भएको थियो  । साथै, सर्वोच्च न्यायालयले

भर्ना प्रक्रियालाई तार्किक निष्कर्षमा पुर्याउन १७ अप्रेल तोकिएको समयसीमालाई कठोरताका साथ पालन गर्न निर्देश पनि दिएको थियो।

**पश्चिम बंगाल भाजपा - अध्यक्ष -आरोप**

**पश्चिम बङ्गाल भाजपा का नयाँ अध्यक्ष शमिक भट्टाचार्यले तृणमूल कङ्ग्रेसले धार्मिक कट्टरपन्थीहरूसामु आत्मसमर्पण गरेर राज्यमा "मौन जनसांख्यिकीय अतिक्रमण" गर्न दिएको आरोप लगाउनु भएको छ l उहाँले बर्ष २०२६ को विधानसभा चुनाव बङ्गाल र बङ्गाली हिन्दूहरूको अस्तित्वका लागि लड्ने र भाजपाले राज्यलाई कुनै पनि हालतमा "पश्चिम बङ्गलादेश" वा "इस्लामिक रिपब्लिक " बन्न नदिने चेतावनी दिनुभएको छ l उहाँले अझ भन्नुभएको छ -'यो राजनीतिक संघर्ष मात्र होइन, पहिचान, अस्तित्व र संस्कृतिको रक्षाका लागि पनि हो। बङ्गाली हिन्दूहरू आज अस्तित्वको संकटको सामना गरिरहेका छन् र केवल भाजपा मात्र उनीहरूको पक्षमा उभिएको छ।**

**क्रिसपिन छेत्री-भारतको राष्ट्रिय महिला फुटबल टिम**

भारतको राष्ट्रिय महिला फुटबल टिमको मुख्य कोच क्रिसपिन छेत्रीलाई युनाइटेड खरसाङ फुटबल क्लब खरसाङले आज उनको निवास स्थानमा भेटघाट गरेर बधाई दिएका छन्। खरसाङको सन्त मेरिज निवासी क्रिस्पिन छेत्रीको कोचमा रहेको भारतको राष्ट्रिय महिला फुटबल टिमले हालैमा थाईल्याण्डलाई 2-1 को अन्तरले जितेर अष्ट्रेलियामा हुने ए.एफ.सी महिला एसियन क्लब 2026 को लागि क्वालिफाई भएका छन्। कोच क्रिस्पिन छेत्री आफ्नो घर खर्साँग आइपुग्नु भएको छ l यस अवसरमा भारतीय राष्ट्रिय महिला फुटबल टिमको कोच एंव युनाइटेड खरसाङ फुटबल क्लबको पूर्व खेलाडी क्रिस्पिन छेत्रीलाई युनाइटेड खरसाङ फुटबल क्लबको पदाधिकारीहरुले उनको घरमा नै भेटघाट गरेर स्वागत जनाउँदै भारतको राष्ट्रिय महिला फुटबल टिमलाई 22 वर्षपछि पुनः एएफसी एशियन कप 2026 को लागि चयन गराउन ऐतिहासिक उपलब्धि हाँसिल गर्दै एकजनाको मुख्य कोचको भूमिका सफलतापूर्वक निभाएकोमा बधाई दिएका छन्।

**सडक सुरक्षा सप्ताह-दार्जीलिंग पहाड**

सडक सुरक्षा सप्ताह अन्तर्गत आज अन्तिम दिन दार्जीलिङ पुलिसको आयोजनामा एंव खरसाङ ट्राफिक पुलिसको तर्फबाट खरसाङमा रोड सुरक्षा सप्ताह र ड्रग्स विरोधी अभियानलाई लिएर सचेतना रैलीको आयोजना गरियो। खरसाङको मोटर स्ट्याण्डदेखि शुरु भएको उक्त सचेतना रैली हिल कार्ट रोड हुँदै अस्पताल मोड भएर वर्द्धवान रोड भएर पुन: मोटर स्ट्याण्डमा आएर सचेतना कार्यक्रममा परिणत भयो l कार्यक्रममा खरसाङ नगरपालिका अध्यक्ष ब्रिगेन गुरुङ, उपाध्यक्ष सुवास प्रधान, खरसाङ ट्राफिक पुलिस अधिकारीहरु लगायत खरसाङ बजार क्षेत्रका विभिन्न विद्यालयहरुका शिक्षक शिक्षिका, विद्यार्थीहरु ले भाग लिएका थिए l यसरी नै मिरिक दार्जीलिंग सिलगडीमा पनि सडक सुरक्षा सप्ताह बिभिन्न कार्यकम सहित सम्पन्न भएको रिपोर्ट प्राप्त भएको छ l

**कालेबुङ- त्वाईकान्डो च्याम्पियनसिप**

कालेबुङले आफ्ना होनहार प्रतिभाहरूको उपलब्धिमा गर्व गरिरहेको छ। उत्तराखण्डको हरिद्वारस्थित रोशनाबादमा आयोजित राष्ट्रिय त्वाईकान्डो च्याम्पियनसिपमा कालेबुङका दुई छात्राले उत्कृष्ट प्रदर्शन गर्दै पदक जितेर सम्पूर्ण पहाडको नाम उज्ज्वल बनाएका छन्। सन्त जोसेफ्स कन्वेन्ट, कालेबुङकी कक्षा 6 का छात्रा प्राज्ना आलेले राष्ट्रिय त्वाईकान्डो च्याम्पियनसिपमा क्योरुगी, पुम्से र स्पीड किकिङ यी तीनवटा विधाहरूमा स्वर्ण पदक हात पारेकी छन्। यसरी नै सेन्ट फिलोमिना हाइयर सेकेण्डरी स्कूल कक्षा 12 की छात्रा प्रान्सी आलेले पनि प्रतियोगितामा शानदार प्रदर्शन गर्दै क्योरुगीमा कांस्य पदक र स्पीड किकिङमा स्वर्ण पदक जितेकी छिन्।

**मिरिक – एसोसिएसन गठन**

मिरिक लक्जरी क्याब ड्राइभर्स एण्ड ओनर्स वेलफेयर एसोसिएसन" को सभा डी.के. प्रधानको अध्यक्षतामा सम्पन्न भएको छ l सभामा मिरिकको पर्यटकीय अवस्था, यसका चुनौतीहरू र सम्भावनाहरूबारे गहन परिचर्चा भएको बताइएको छ।

एसोसिएसन ले मिरिक क्षेत्रलाई थप पर्यटकमैत्री बनाउँदै पर्यटकीय गतिविधिहरूलाई सुदृढ गर्ने र स्थानीय ट्याक्सी व्यवसायलाई व्यवस्थित तथा सुरक्षित बनाउने मुख्य उद्देश्य राखेको छ।सभाले २२ जना सदस्यहरूको नयाँ कार्यकारी समितिको गठन गरेको छ ।

**अखिल भारतीय गोर्खा विद्यार्थी महासंघ**

अखिल भारतीय गोर्खा विद्यार्थी महासंघको पूर्णाङ्क समिति गठन गरिएको छ ।महासंघको अध्यक्ष विश्वास गुरूङको अध्यक्षतामा सम्पन्न उक्त समितिमा विभिन्न पदाधिकारीहरूको चयन गरिएको छ।